आज मिति २०८३।०५।१६ गते बिहान ८:०० बजे बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रह्यो।

उपस्थिति

क्र.स.	नाम, थर	पद	ठेगाना	हस्ताक्षर
१	श्री केशव कुमार श्रेष्ठ	नगर प्रमुख	बुद्धभूमि न.पा. १	
२	श्री मिरा थारु	उप प्रमुख	बुद्धभूमि न.पा. २	
३	श्री तेज बहादुर बस्नेत	वडा अध्यक्ष	बुद्धभूमि न.पा. १	
४	श्री सुरज प्रताप राणा	वडा अध्यक्ष	बुद्धभूमि न.पा. २	
५	श्री गोविन्द प्रसाद आचार्य	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ३	
६	श्री सुसिल कुमार चौधरी	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ४	
७	श्री रोम बहादुर थापा क्षेत्री	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ५	
८	श्री ऐलेन्द्र प्रसाद कुर्मी	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ६	
९	श्री शालिकराम यादव	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ७	
१०	श्री कपिलदेव तिवारी	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ८	
११	श्री प्रमोद आचार्य	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ९	
१२	श्री सन्दीप कुमार पान्डेय	वडा अध्यक्ष	बुद्धभूमि न.पा. १०	
१३	श्री कमला चौधरी	का. सदस्य	बुद्धभूमि न.पा. १	
१४	श्री शिवाली थारु	का. सदस्य	बुद्धभूमि न.पा. २	शिवाली
१५	श्री अनिता कुमारी पासी	का. सदस्य	बुद्धभूमि न.पा. ६	
१६	श्री विमला देवी कुर्मी	का. सदस्य	बुद्धभूमि न.पा. ८	विमला
१७	श्री अनिता देवी यादव	का. सदस्य	बुद्धभूमि न.पा. ९	अनिता
१८	श्री प्रभावती लोहार	का. सदस्य	बुद्धभूमि न.पा. ७	प्रभावती
१९	श्री तारादेवी सुनार	का. सदस्य	बुद्धभूमि न.पा. ४	
२०	श्री कमलेश बरई	का. सदस्य	बुद्धभूमि न.पा. १०	
२१	श्री यमकान्त पाण्डेय	सदस्य-सचिव	बुद्धभूमि न.पा.	

मिति :२०८३।०५।१६ गते बिहान ८:०० बजे बसेको बुद्धभूमि नगर कार्यपालिका बैठकको निर्णयहरू:

१. **अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।**

निर्णयः मिति २०८३।०५।१० गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो । साथै कार्यान्वयन हुन बाँकी निर्णयहरू तदारूकताका साथ कार्यान्वयन गर्ने / गराउने निर्णय गरियो ।

२. **बाढी पीडित सहयोग सम्बन्धमा ।**

निर्णय : मिति २०८३।०५।१० गतेका दिन भोटेकोशी नदीमा आकस्मिक रूपमा रसुवागढी नाका हुँदै आएको विनाशकारी बाढी र पहिरोले पुऱ्याएको ठुलो धनजनको क्षतिप्रति बुद्धभूमि नगरपालिका परिवार गहिरो दुःख व्यक्त गर्दछ । यस प्राकृतिक विपद्मा अकालमै ज्यान गुमाउनुहुने सम्पूर्ण नागरिक तथा विदेशी पर्यटकहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ । शोकाकुल परिवारजनप्रति समवेदना प्रकट गर्दै, घाइते हुनुभएका सम्पूर्ण आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौँ । साथै यस दुःखद घडीमा बाढी पीडितहरू प्रति हार्दिक सहानुभूति प्रकट गर्दै राहत, उद्धार र पुनर्स्थापनामा सघाउ पुऱ्याउने मानवीय मूल्यमान्यता अनूरूप तपसिल बमोजिम २०८३ भाद्र महिनाको तलबबाट कट्टा हुने गरी बुद्धभूमि नगरपालिकाको तर्फबाट प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा **रु. ४३,४५,०००।– (अक्षरूपी त्रिचालिस लाख पैतालिस हजार मात्र)** बराबरको आर्थिक सहयोग प्रदान गर्ने साथै, यस प्राकृतिक विपद्को चुनौतीपूर्ण समयमा बाढी पीडितहरूलाई आवश्यक थप सहयोग र सहानुभूति प्रकट गर्न सम्पूर्ण बुद्धभूमि नगरवासी, स्थानीय संघ-संस्था तथा व्यवसायीहरूमा समेत हार्दिक अपिल गर्ने निर्णय गरियो ।

तपसिलः

क.स.	तह/श्रेणी	कैफियत
१	श्रेणी विहिन कर्मचारी, विद्यालय सहयोगी, सहायक, नगर शिक्षक, प्रा.वि., नि.मा.वि., मा.वि. बाल विकास सहजकर्ता, दैनिक ज्यालादारी कर्मचारी, आंशिक तलब खाने करार सेवाका कर्मचारीहरू समेत	२ दिन
२	राजपत्र अनंकित वा सो सरहका स्थायी तथा करार सेवामा कार्यरत कर्मचारी, प्रा.वि. (तृतीय, द्वितीय), नि.मा.वि. तृतीय	५ दिन
३	राजपत्रांकित तृतीय र द्वितीय श्रेणी वा सो सरहका स्थायी तथा करार सेवामा कार्यरत कर्मचारी, नि.मा.वि. (प्रथम, द्वितीय), मा.वि. (प्रथम, द्वितीय, तृतीय)	७ दिन
४	जनप्रतिनिधिहरू	१० दिन
५	विपद् व्यवस्थापन कोष शिर्षक	रू. ५,००,०००।-

प्रमाणित गर्नेछु
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

३. **१५ शैयाको आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ सम्बन्धमा ।**

निर्णय : बुद्धभूमि नगरपालिकाको १५ शैयाको आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ माथि छलफल गरियो साथै उक्त छलफलको क्रममा प्राप्त सुझावहरू समेत समावेश गरी अगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

४. **विविध ।**

क) **भू-उपयोग परिषद्को निर्णय सम्बन्धमा ।**

निर्णय : बुद्धभूमि नगरपालिकाको भू-उपयोग परिषदको मिति २०८३।०५।१५ गतेको निर्णयहरू अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

ख) **बुडढी चोकको सार्वजनिक शौचालय सम्बन्धमा ।**

निर्णयः बुद्धभूमि नगरपालिका वडा नं. ४ हनुमानचोक बुड्ढीमा रहेको सार्वजनिक शौचालय बुद्धभुमि नगरपालिका वडा नं. ४ निवासी पवित्रा आचार्यलाई संचालन तथा व्यवस्थापन गर्नको लागि सम्झौता गरी जिम्मेवारी दिएकोमा आगामी दिनमा समेत उक्त शौचालय सञ्चालनको लागि इच्छुक भएको भनी निवेदन प्राप्त भएकोमा निजलाई तहाँ रहेको १ सटर कोठा प्रयोग गरी उक्त सार्वजनिक शौचालयको सञ्चालन तथा व्यवस्थापनको लागि नगरपालिकालाई कुनै पनि आर्थिक व्ययभार नपर्ने गरी मासिक रू. १ एक हजारका दरले बार्षिक रू. १२,०००।- (अक्षरेपी बाह्र हजार) नगरपालिकामा बुझाउने गरी आ.व. २०८३।०८४ सम्मको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

ग) **रेबिज रोग नियन्त्रण कार्यक्रम सम्बन्धमा ।**

निर्णयः बुद्धभूमि नगरपालिका पशु सेवा शाखा अन्तर्गत आ.व. २०८३।०८४ उन्नाइसौं नगरसभाबाट पारित बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सामुदायिक तथा छाडा कुकुर Spaying/Neutering Camp (ABC Program) कार्य्रकम रहे अनुसार उक्त कार्यक्रम बुद्धभूमि न.पा. वडा नं. ४, ५, ६ र १०, वडा नं. ८ र ९, तथा वडा नं. १, २ र ३ को लागि पायक पर्ने गरी मुकाम तोकि सञ्चालन गर्ने निर्णय गरियो ।

घ) **वडा नं. ४ को पत्र सम्बन्धमा ।**

निर्णयः ४ नं. वडा कार्यालयको च.नं. १६७ मिति २०८३।५।१५ गतेको पत्रानुसार चालु आ.व. २०८३।०८४ को उन्नाइसौं नगरसभाबाट पारित बार्षिक विकास योजना तथा कार्यक्रमको जि.स.स. र न.पा. लागत साझेदारी अन्तर्गत वडा नं. ४ को वडा कार्यालय भवनको लागि कुल रकम रू. २५,००,०००।– विनियोजन भएकोमा तोकिएको संरचना निर्माणको लागि प्राविधिक लागत अनुसार रू. ३०,००,०००।– लाग्ने देखिएकोले नपुग रकम रू. ५,००,०००।– थप विनियोजन गरी बजेट सुनिश्चिताको लागि सिफारिस साथ अनुरोध भई आएको हुँदा आगामी नगरसभाबाट अनुमोदन हुने गरी आन्तरिक स्रोतबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

रामकाजर पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

उमेश कुमार श्रेष्ठ
नगर प्रमुख